# भर्ना छनौट प्रक्रिया अन्तर्गत लिईने बियरिङ्ग परीक्षा सम्बन्धी परिमार्जित व्यवस्था-२०७९

कार्यरथी विभाग जंगी अड्डा

**बुँदा नं.१: शरीरको अङ्गहरु सामान्य भएको**

(क) सामान्य मानिसमा हुनुपर्ने अङ्गहरु नभएको तथा थप अङ्गहरु भएको हुन नहुने ।

(ख) हात, खुट्टा लामो छोटो भएको हुन नहुने ।

(ग) खुँडे हुन नहुने ।

(घ) ढाड कुप्रो हुन नहुने ।

(ङ) शरीर पुरा झुकाउन सक्ने हुनुपर्ने ।

(च) जिउ कोल्टे परेको हुन नहुने ।

**बुँदा नं. २: शरीरमा अस्वाभाविक दागहरु नभएको**

(क) रोग वा चोटपटकको कारण अनुहारमा अस्वाभाविक छ्याका भएको हुन नहुने ।

(ख) अनुहार र टाउकोमा अस्वभाविक ग्रहणको टाटो (Birth Mark), खत र दाग भएर रुप नै बिग्रिएको हुन नहुने तर सामान्य ग्रहणको टाटो (Birth Mark), खत र दाग भएकोलाई लिन सकिने । रोग, शल्यक्रिया र चोटपटकबाट भएको ठुलो खतको हकमा डाक्टर अधिकृतबाट एकिन गरी कार्य क्षमतामा असर नपर्ने भएमा लिन सकिने ।

(ग) आफैले जाना जानी बनाएको खत (अक्षर, नाम वा दाग) भएको हुन नहुने ।

(घ) शरीरको कुनै पनि भागमा ट्याटु मार्क हुन नहुने तर मेटाएको अवस्थामा मात्र ट्याटुको दाग स्वाभाविक भएमा लिन सकिने ।

**बुँदा नं.३: हात खुट्टा बाङ्गो टिङ्गो नभएको, औंलाहरु ठीक भएको र धेरै चेप्टो पैताला (Flat Foot) नभएको**

(क) हात खुट्टा बाङ्गो टिङ्गो भएको हुन नहुने (हत्केला आकाशतिर फर्काई सिधा गर्दा कुहिनानिरको हातको कोण पुरुषको हकमा ५-१० डिग्री र महिलाको हकमा ५-१५ डिग्री भन्दा बढी हुन नहुने)।

(ख) हात खुट्टाको औंलाहरु जोडिएको तथा खप्टिएको हुन नहुने ।

(ग) हात खुट्टाको औंलाहरु अस्वाभाविक रुपमा फाटिएर नजोडिने हुन नहुने ।

(घ) **Flat Foot**: धेरै चेप्टो पैताला हुन नहुने ।

**बुँदा नं.४: घुंडाको अवस्था**

(क) **Knock Knee**: सतर्क पोजिशनमा उभिदा घुंडा नजोडिने हुनुपर्ने ।

(ख) **Bow Leg**: दुबै खुट्टा जोडेर उभिंदा घुंडा बीच ८ से.मि. भन्दा धेरै ग्याप हुन नहुने ।

**<u>बुँदा नं.५: शरीरमा मुसा नभएको</u>**

(क) शरीरको कुनै पनि भागमा छरिएर धेरै संख्यामा मुसा भएको हुन नहुने ।

**<u>नोटः</u>** (वियरिङ्ग चेकजांचको समयमा कैफियतमा मुसा भएको भनि जनाउने र निज उम्मेदवारलाई विस्तृत मेडिकल चेकजांच सम्मको अवधिमा उपचार गराई आएमा मुसाको प्रकृति हेरी फिट हुन सक्ने भनि जानकारी गराउने)

**<u>बुँदा नं.६: दांत नझरेको</u>**

(क) दांत झरेको भएमा Fixed दांत लगाएको हुनुपर्ने तर बुद्धि बङ्गारा झरेको भएमा लिन सकिने ।

(ख) दांत RCT गरेको भएमा Cap लगाएको हुनुपर्ने।

(ग) अगाडिको दांत बाहिर निस्कन गई दुवै ओठ जोड्दा बाहिर देखिन नहुने ।

(घ) दांत किराले खाएको भए दांत भरेको हुन पर्ने ।

(ङ) अगाडिको दांतहरु २ मि.मि. भन्दा बढी फाटिएको हुन नहुने।

**<u>बुँदा नं. ७: दुवी भएको</u>**

(क) सर्ने किसिमको दुवी (Vitiligo) हुन नहुने ।

(ख) शरीरमा अस्वाभाविक देखिने दुवी हुन नहुने ।

**नोटः** P. Versicolor नसर्ने किसिमको दुवी भएमा कैफियत महलमा नसर्ने दुवी लेखि (निज उम्मेदवारलाई विस्तृत मेडिकल चेकजांचसम्मको अवधिमा उपचार गराई आएमा अवस्था हेरी फिट हुन सक्ने भनि जानकारी गराउने) र यस्तो प्रकारको दुवीलाई लिन सकिने ।

**<u>बुँदा नं.८: कपाल नझरेको/कपाल नफुलेको</u>**

(क) कुनै किसिमको रोगको कारण धेरै कपाल झरेको हुन नहुने ।

(ख) धेरै मात्रामा कपाल फुलेको हुन नहुने ।

**<u>बुँदा नं. ९: आँखा डेढो नभएको र आँखा चिम्लन सक्ने</u>**

(क) डेढो आँखा भएको हुन नहुने ।

(ख) दुवै आँखाको आकार समान भएको हुनुपर्ने ।

(ग) दांया हात चलाउनेको हकमा वांया आँखा र वायां हात चलाउनेको हकमा दांया आँखा चिम्लन सक्ने हुनुपर्ने ।

**<u>बुँदा नं १०: प्रष्ट बोली भएको, भकभकाउने र लठ्यौरो हुन नहुने</u>**

(क) भकभकाउने, लठ्यौरो तथा तोते बोली नभएको र प्रष्ट बोली भएको हुनुपर्ने ।

**<u>नोटः</u>** उम्मेदवारहरुको शारीरिक बनावटको कारण सैनिक कार्य क्षमतामा असर पर्ने हुन नहुने ।